चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
५ नं. प्रदेश, नेपाल

पत्र संख्या : —
चलानी नं. : —

सूचना नम्बर- १५/०७७-०७८

## सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना।

*(प्रथम पटक प्रकाशित मिति:२०७७/०५/२४ गते)*

चन्द्रकोट गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न प्रकृतिका कवाडी जन्य वस्तुहरुको निकासी गर्ने प्रयोजनका लागि चन्द्रकोट गाउँपालिकाको आर्थिक ऐन, २०७७ मा भएको व्यवस्था बमोजिम गाउँ कार्यपालिकाको मिति २०७७/०५/२३ गतेको सिलबन्दी दरभाउपत्र आह्वान गर्ने सम्बन्धमा भएको निर्णयानुसार इच्छुक व्यवसायी, फर्म वा व्यक्तिले कवाडी सामानहरु उठाउन चाहेमा यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तल उल्लेखित शर्तको अधिनमा रहि फर्म दर्ता प्रमाणपत्र, भ्याट/प्यान दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्र, व्यवसाय नवीकरण प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न गरि सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ।

शर्तहरु

१. सिलबन्दी दरभाउपत्रको निवेदन तोकिएको दस्तुर बुझाई निर्धारित समयभित्रनै दर्ता गराउनु पर्ने छ। म्याद नाघेको वा रीत नपुर्याइ पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।
२. निवेदन दर्ता १५ औं दिनको १२ बजेभित्रै गर्नुपर्नेछ। निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोही दिनको भोलिपल्ट दिनको १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ। दर्ता भएका निवेदनहरुको सिलबन्दी दरभाउपत्र सोही दिनको २ बजे खोलिनेछ।
३. सिलबन्दी दरभाउपत्र स्वीकृत हुने व्यक्ति वा फर्मले स्वीकृत कवोल अंकको ५० (पचास) प्रतिशत रकम अग्रिम भुक्तानी गर्नुपर्ने छ।
४. कुनैपनि सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार चन्द्रकोट गाउँपालिकामा सुरक्षित रहनेछ।
५. प्रकाशित सूचना सम्बन्धी विस्तृत विवरणका लागि कार्यालयको फोन नम्बर ०७९-४२०००४ वा मोबाईल नम्बर ९८५७०६७९२० मा सम्पर्क गर्न सकिनेछ।
६. कवाडी सामानहरु उठाउने विवरण देहाय बमोजिम हुनेछ।

| ठेक्का नम्बर | ठेक्काको नाम | कवाडी उठाउन पाउने क्षेत्र | न्यूनतम कबुल रकम रु (भ्याट सहित) | राजश्व रकम रु. | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| CRM-GUL-G-SQ-01/2077-078 | कवाडी सामान उठाउने | वडा नं. १ देखी ८ सम्म | १,५०,०००/- | १,०००/- | ४,०००/- | |

२०७७/०५/२४

(कृष्ण प्रसाद भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत